# राष्ट्रिय योजना आयोगका माननीय उपध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलको एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्रेसिडेन्ट प्रा. पाइ चि लिसँग शिष्टाचार भेट



मिति २०८५ फागुन १६ गते तदनुसार २०२५ फेब्रुअरी २८ गते राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीज्यूको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्रेसिडेन्ट प्रा. पाइ चि लि तथा स्कुल अफ ईन्जिनियरिङ एण्ड टेक्नोलोजीका डिन प्रा. संगम श्रेष्ठसँग शिष्टाचार भेट भएको छ। भेटका क्रममा राष्ट्रिय योजना आयोग र एआइटीका बीचमा विविध विषयमा सहकार्य गर्ने सम्बन्धमा छलफल भएको थियो। खासगरी, यस्तो सहकार्य गर्नका लागि आयोग र एआइटी बीच सम्झौता गर्ने, एआइटीबाट अध्ययन गरी नेपाल फर्किएका पेशाकर्मीहरूको सहभागिता रहने गरी एक संस्थागत संयन्त्र स्थापना गर्ने र त्यस्तो संयन्त्रले नेपालको पर्वतीय पर्यावरण संरक्षणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने गर्ने तथा नीतिगत पृष्ठपोषण दिन सक्ने विषयमा छलफल भयो। साथै,एआइटीबाट सञ्चालित विविध अल्पकालीन तथा मध्यमकालीन तालिम तथा क्षमता विकासका कार्यक्रममा नेपालका रहेका जनशक्तिहरूलाई सहभागी गराउनका लागि सहकार्य गर्न सकिने विषयमा समेत छलफल भयो।